# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

## संस्थाको परिचय

२०४६ मा भएको प्रजातन्त्रको पुनर्वहाली पश्चात प्रजातान्त्रिक अभ्यास र मानवअधिकारको बहसलाई समुदाय तहमा र तत्कालिन राज्य पक्षलाई सचेतीकरण गर्न जरुरी थियो । प्रजातान्त्रिक व्यवहारको अभावमा नागरिकहरूका अधिकारहरूको अवस्था नाजुक थियो । नागरिकहरूमा उनीहरूका अधिकार र राज्यलाई मानवअधिकारको सम्मानका लागि सचेतिकरण गर्न जरुरी रहेको अवस्थामा जिल्लामा मानवअधिकारका क्षेत्रमा कामगर्ने कुनै संघसंस्थाहरू थिएनन् । त्यही अभावलाई पुरागर्दै नागरिकहरूका अधिकारका बारेमा सुसुचित गर्ने, राज्यलाई जवाफदेही बनाउने र प्रजातान्त्रिक पद्धतिलाई संस्थागत गर्दै मानवअधिकारको संरक्षण सम्वर्द्धनका लागि सचेतना, पैरवी, क्षमता विकास, परिचालन, अनुगमन गर्ने, महिला, बालबालिका, दलित, पिछाडिपारिएका वर्ग समुदायका सवालहरूलाई सहयोग र सहजीकरण गर्ने उद्देश्यका साथ २०५५ सालमा जिल्ला प्रशासन कार्यालयमा इलाममा दर्ता भई क्रियाशिल छ । संस्था स्थापनाकालदेखि समावेशीलाई अभिन्न अंग बनाउँदै भेदभाव, छुवाछुत, महिला हिंसा, द्वन्द्व, शान्ति र मेलमिलाप, मनोसामाजिक सहयोग, कानूनी सहयोग जस्ता क्रियाकलापमार्फत समुदाय तहमा क्रियाशिल छ ।

समाजकल्याण परिषद काठमाण्डौमा आवद्ध यो संस्था घरेलु हिंसा विरूद्ध अभियान पूर्वाञ्चल नेटवर्कको संस्थापक सदस्य, मानवअधिकार एलाइन्सको सदस्य तथा मेलमिलाप परिषदको सदस्य रहेको छ ।

### परिकल्पना :

सभ्य र समुन्नत समाजको निर्माण

### ध्येय :

मानवअधिकारको संरक्षण र सम्बर्धन मार्फत दीगो शान्ति र न्यायका लागि क्रियाशिल रहने ।

### लक्ष्य :

१) समुदाय विशेषगरी गरीब, सिमान्तकृत तथा अल्पसंख्यकहरूको अधिकारको प्रयोग र सामाजिक न्यायमा पहुँचको अभिबृद्धि गर्दै, विभेदरहित तथा मानवअधिकार सम्मत समाज निर्माण ।

२) समुदायलाई उनीहरूका अधिकार, मानवअधिकार, कानून र नीतिहरूका बारेमा सचेत र सक्षम बनाउँदै प्रभावकारी कार्यान्वयनका लागि क्रियाशीलताको अभिबृद्धि गराउने ।

३) संस्थाका लक्ष्य तथा उद्धेश्य प्राप्तिका लागि संस्थागत विकास, श्रोत र क्षमताको प्रभावकारी परिचालनमा बृद्धि गर्ने ।

### उद्देश्यहरू :

१) विशेषगरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूले सुनिश्चित गरेका नागरीक, राजनीतिक, सामाजिक, सॉस्कृतिक, वातावरणीय जस्ता अधिकारहरू र मानवअधिकारको सुनिश्चितताका लागि सम्बन्धित सरोकारवालाहरूको सहयोग अभिबृद्धि गर्ने ।

२) विशेषगरी महिला, एकल महिला, युवा महिला, किशोरी, वालवालिका, दलित, द्वन्द्व प्रभावित तथा पीडित, अपाङ्गता भएका, लैङ्गिक तथा जातिय अल्पसंख्यक, आदिवासी, जनजाति, जेष्ठ नागरीक गरीव तथा जोखिम र हिंसामा परेका समुहहरूको हिंसा न्यूनीकरण तथा हिंसाबाट संरक्षण, सबै प्रकारका विभेदहरूको न्यूनीकरण र संरक्षण गर्दै सामाजिक न्यायको प्राप्तिका लागि सहयोग गर्ने ।

३) लोकतान्त्रिक अभ्यास मार्फत अधिकारहरूका बारेमा सचेतना, अधिकारको प्रयोगसाथै सम्बन्धित सरोकारवालाहरूमा सचेत र अभिप्रेरित एवं जवाफदेही बनाउँदै सकृय र प्रभावकारी भूमिका निर्वाहमा अभिबृद्धि गर्ने ।

४) तत्कालिन र प्रत्यक्ष सरोकारका विषयहरूका बारेमा समुदाय तथा सरोकारवालाहरू सचेतना गर्दै तत्कालिन समस्या समाधानका लागि लोकतान्त्रिक विधि मार्फत सकृय र प्रभावकारी भूमिकामा अभिवृद्धि ।

५) मानवअधिकार मञ्चको संस्थागत विकास गर्ने ।

६) मानवअधिकार मञ्चको सम्बन्ध (विद्यमान तथा नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू, निकायहरू) वृद्धि गर्दै वित्तिय तथा प्राविधिक क्षमताको विकास गर्ने ।

७) संस्थाको संस्थागत तथा कार्यक्रमगत लक्षहरू पुरा गर्न, प्राप्त उपलब्धिहरूको संरक्षण र संस्थागत गर्न संस्थाका विषयगत क्षेत्रका सवालहरूको पहिचान, खोज अनुसन्धान, ज्ञान सीपको हस्तान्तरण, अभिलेखन, प्रकाशन र वितरण गर्दै संस्थागत गर्ने ।



महामहिम जर्मन राजदुतको मानवअधिकार मञ्च भ्रमण




मानवअधिकार पत्रकारिता वर्ष पुरस्कार वितरण कार्यक्रम



राजनीतिमा महिला सहभागिता सम्बन्धि सवलीकरण कार्यक्रममा सहभागीहरू

## वैशाख २०७४ — नेपाल सम्वत् ११३७ — Apr/May 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| तृतीया ३१ 14 | | विवाह मुहूर्तः २, ५, १७, २३, २४, २५, २६, २८ र २९ गते । | व्रतबन्ध मुहूर्तः १७, २२ र २९ गते । | | तृतीया १ 14 | चतुर्थी २ 15 |
| पञ्चमी ३ 16 | षष्ठी ४ 17 | सप्तमी ५ 18 | अष्टमी ६ 18 | नवमी ७ 20 | दशमी ८ 21 | एकादशी ९ 22 |
| द्वादशी १० 23 | त्रयोदशी लोकतन्त्र दिवस ११ 24 | चतुर्दशी १२ 25 | औँसी मातृ सम्मान दिवस मातातीर्थ औँसी १३ 26 | प्रतिपदा १४ 27 | द्वितीया १५ 28 | तृतीया १६ 29 |
| चतुर्थी १७ 30 | पञ्चमी/षष्ठी १८ 1 | सप्तमी १९ 2 | अष्टमी २० 3 | नवमी २१ 4 | दशमी २२ 5 | एकादशी २३ 6 |
| द्वादशी २४ 7 | त्रयोदशी २५ 8 | चतुर्दशी २६ 9 | पूर्णिमा २७ 10 | प्रतिपदा २८ 11 | द्वितीया २९ 12 | द्वितीया ३० 13 |

१ गते नव वर्ष    १८ गते अन्तर्राष्ट्रिय मजदुर दिवस    २७ गते बुद्ध जयन्ती/उभौली पर्व

## जेठ २०७४ — नेपाल सम्वत् ११३७ — May/Jun 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | चतुर्थी १ 15 | पञ्चमी २ 16 | षष्ठी ३ 17 | सप्तमी ४ 18 | अष्टमी ५ 19 | नवमी ६ 20 |
| दशमी ७ 21 | एकादशी ८ 22 | द्वादशी ९ 23 | त्रयोदशी/चतुर्दशी १० 24 | औँसी ११ 25 | प्रतिपदा १२ 26 | द्वितीया १३ 27 |
| तृतीया १४ 28 | चतुर्थी १५ 29 | पञ्चमी १६ 30 | षष्ठी १७ 31 | सप्तमी १८ 1 | अष्टमी १९ 2 | नवमी २० 3 |
| दशमी २१ 4 | एकादशी निर्जला एकादशी २२ 5 | द्वादशी २३ 6 | त्रयोदशी २४ 7 | चतुर्दशी २५ 8 | पूर्णिमा २६ 9 | प्रतिपदा २७ 10 |
| द्वितीया २८ 11 | तृतीया २९ 12 | चतुर्थी ३० 13 | पञ्चमी ३१ 14 | | विवाह मुहूर्तः १, २, ७, ८, १९, २०, २१, २२, २३, २४, २५ र २७ गते । | |

१५ गते गणतन्त्र दिवस

इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

## संस्थाका कार्यक्षेत्रहरू

### १) अधिकार र मानव अधिकार
यस अन्तर्गत संस्थाले मानवअधिकारको नियमित अनुगमन, अभिलेखन, मानवअधिकार शिक्षा, बाल अधिकार, महिला अधिकार, दलित अधिकार, जेष्ठ नागरीकका अधिकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून तथा नीतिहरूका बारेमा सचेतना, पैरवी सञ्चालन गर्दछ । संस्थाले इलाम, पाँचथर र ताप्लेजुङ्ग जिल्लाका सबै गाविस तथा नगरपालिकाहरूमा मानवअधिकार रक्षक तयार गरी नियमित अनुगमनमा क्रियाशिल छन् भने, मेची र कोशी अञ्चलका ७ जिल्लाका ६५ गाविस/नगरपालिकाहरूमा बालक्लवहरू क्रियाशिल छन् । यसैगरी महिला अधिकार समुहहरू क्रियाशिल छन् । संस्था मानवअधिकार एलाइन्सको सदस्य हो ।

### २) द्वन्द्व, शान्ति र न्याय
द्वन्द्व, द्वन्द्व रूपान्तरण, द्वन्द्व व्यवस्थापन, शान्ति निर्माण, सामाजिक न्यायको स्थापनाका लागि अहिंसात्मक द्वन्द्व रूपान्तरण पद्धतिका लागि द्वन्द्व, द्वन्द्व संवेदनशीलता, जोखिम व्यवस्थापन, मेलमिलाप, सम्वाद, मनोसामाजिक मनोविमर्श, कचहरी नाटक जस्ता विभिन्न विधिहरूसँग सम्बन्धित सीप विकास, समुह निर्माण र स्थानीय शान्तिवाहकहरूको क्षमता विकास र परिचालन गर्ने काम संस्थाको नियमित क्रियाकलाप हो । स्थानीय तहमा गाविस स्तरीय मेलमिलाप समितिहरू, बाल अधिकार समुहहरू, शान्ति शिक्षा, स्थानीय शान्ति समितिहरूको क्षमता विकास जस्ता क्षेत्रमा संस्था क्रियाशिल छ । संस्थामा मेलमिलापकर्ता, सहजकर्ताहरू, मनोविमर्शकर्ताहरू र समुदाय तहमा ५०० भन्दा बढी तालिम प्राप्त मेलमिलापकर्ताहरू क्रियाशिल छन् । संस्था मेलमिलाप परिषदको सदस्य समेत रहेको छ ।

### ३) लोकतन्त्र र सुशासन
विद्यमान कानून र लोकतन्त्रका आधारभूत मान्यताहरूको कार्यान्वयनका लागि सचेतना, पैरवी र नीति तथा कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकास, सुशासनको सुनिश्चितताका लागि सामाजिक लेखा परीक्षण, सार्वजानिक सुनुवाई, लैङ्गिक सम्वेदनशील बजेट, सकारात्मक विभेद, लक्षित वर्गका अधिकारहरू जस्ता विषयहरूमा नियमित क्रियाकलाप, पैरवी जस्ता क्रियाकलाप संस्थाले सञ्चालन गर्दछ ।

### ४) लैङ्गिक तथा सामाजिक समावेशीकरण
लैङ्गिक तथा सामाजिक समावेशीकरण, मूलप्रवाहिकरण, महिला अधिकार, घरेलु हिंसा, महिला हिंसा, जातीय विभेद र छुवाछुत, सिमान्तकृत र अल्पसंख्यकहरूका अधिकारहरू, सामाजिक न्याय, सकारात्मक विभेद जस्ता विषयहरूमा सचेतना, क्षमता विकास, समुह परिचालन र सरोकारवालाहरूको ध्यानाकर्षण, लैङ्गिक बजेट, लैङ्गिक तथा समावेशीता परीक्षण जस्ता क्रियाकलापहरू संस्थाद्वारा सञ्चालित छन् । यसैगरी, हिंसामा परेका महिला तथा बालबालिकाहरूका लागि उद्धार, आपदकालिन आवास, कानूनी सहायता, मनोसामाजिक मनोविमर्श, मेलमिलाप र निशुल्क टेलिफोन मार्फत गुनासो सुन्ने जस्ता नियमित सेवाहरू संस्थाले प्रदान गर्दछ । संस्था घरेलु हिंसा विरूद्ध पूर्वाञ्चल नेटवर्क (२०६६) को संस्थापक सदस्य हो ।

### ५) खोज, अनुसन्धान र प्रकाशन
समाजमा ओझेलमा परेका सामाजिक समस्याहरू र संस्थाका कार्यक्षेत्र सम्बन्धी सवालहरूको अध्ययन, अनुसन्धान गर्ने, प्रकाशन गर्ने वितरण गर्दै संस्थाका उपलब्धिहरू संस्थागत गर्ने तथा समाजमा प्रकाशनका माध्यमद्वारा सचेतना गर्ने क्रियाकलाप संस्थाले गर्दछ । संस्थाले जिल्ला कारागार इलाम, तथा पूर्वाञ्चलका ७ जिल्लाका ६५ माध्यमिक विद्यालयहरूमा पुस्तकालय स्थापना गरी सञ्चालनमा छन् । संस्थाले हरेक वर्ष पूर्वाञ्चल क्षेत्रमा रहेर मानवअधिकारका क्षेत्रमा खोज अनुसन्धान गर्ने १ जना पत्रकारलाई मानवअधिकार पत्रकारीता वर्ष पुरस्कारले सम्मान गर्ने गर्दछ ।

### हाम्रा सेवाहरू :
१) मानवअधिकारको नियमित अनुगमन, अभिलेखन र मानवअधिकार शिक्षा
२) मेलमिलाप
३) मनोसामाजिक सहयोग
४) कानूनी परामर्श
५) आपतकालिन आवास (हिंसामा परेका महिला र बालबालिका)
६) निशुल्क टेलिफोन मार्फत गुनासो सुन्ने । (१६६०२७५२१११)
७) सम्बाद सहजीकरण
८) पुस्तकालय (इलाम कारागार र ७ जिल्लाका ६५ विद्यालयमा)
९) प्रकाशन
१०) विषयगत सहजकर्ता


बालबालिकाहरूको तालिममा सहभागीहरू


महिला र दलितको न्यायमा पहुँच कार्यक्रमा सहभागीहरू


मेलमिलाप तालिममा सहभागीहरू

## असार २०७४ — नेपाल सम्वत् ११३७ — Jun/Jul 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | विवाह मुहूर्त: ३, ४, ५, १५, १६, १७, १९ गते । | | | षष्ठी १ 15 | सप्तमी २ 16 | अष्टमी ३ 17 |
| नवमी ४ 18 | दशमी ५ 19 | एकादशी (योगिनी एकादशी) ६ 20 | द्वादशी ७ 21 | त्रयोदशी ८ 22 | चतुर्दशी ९ 23 | औंसी १० 24 |
| प्रतिपदा/द्वितीया ११ 25 | तृतीया १२ 26 | चतुर्थी १३ 27 | पञ्चमी १४ 28 | षष्ठी १५ 29 | सप्तमी १६ 30 | अष्टमी १७ 1 |
| नवमी १८ 2 | दशमी १९ 3 | एकादशी (हरिशयनी एकादशी, तुलसी रोप्ने) २० 4 | द्वादशी २१ 5 | त्रयोदशी २२ 6 | त्रयोदशी २३ हुर्फ डे (HURF day) 7 | चतुर्दशी २४ 8 |
| पूर्णिमा (गुरु पूर्णिमा) २५ 9 | प्रतिपदा २६ 10 | द्वितीया २७ 11 | तृतीया २८ 12 | चतुर्थी (भानु जयन्ती) २९ 13 | पञ्चमी ३० 14 | षष्ठी ३१ 15 |

## साउन २०७४ — नेपाल सम्वत् ११३७ — Jul/Aug 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| सप्तमी (साउने सङ्क्रान्ति) १ 16 | अष्टमी २ 17 | नवमी/दशमी ३ 18 | एकादशी (कामिका एकादशी) ४ 19 | द्वादशी ५ 20 | त्रयोदशी ६ 21 | चतुर्दशी ७ 22 |
| औंसी ८ 23 | प्रतिपदा ९ 24 | द्वितीया १० 25 | तृतीया ११ 26 | चतुर्थी १२ 27 | पञ्चमी (नागपञ्चमी) १३ 28 | षष्ठी १४ 29 |
| सप्तमी १५ 30 | अष्टमी १६ 31 | नवमी १७ 1 | दशमी १८ 2 | एकादशी (पुत्रदा एकादशी) १९ 3 | द्वादशी २० 4 | त्रयोदशी २१ 5 |
| चतुर्दशी २२ 6 | पूर्णिमा (जनै पूर्णिमा) २३ 7 | प्रतिपदा (काठमाडौं उपत्यका बिदा, गाईजात्रा) २४ 8 | द्वितीया २५ 9 | तृतीया २६ 10 | चतुर्थी २७ 11 | पञ्चमी २८ 12 |
| षष्ठी २९ 13 | सप्तमी ३० 14 | अष्टमी ३१ 15 | नवमी ३२ 16 | | | |

१३ गते रक्षा बन्धन

३० गते श्रीकृष्ण जन्माष्टमी

इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोन: ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

## नेपालको संविधानले व्यवस्था गरेका मौलिकहरुहरु
## भाग ३

### मौलिक हक र कर्तव्य

१६. सम्मानपूर्वक बाँच्न पाउने हक : (१) प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ । (२) कसैलाई पनि मृत्युदण्डको सजाय दिने गरी कानून बनाइने छैन ।

१७. स्वतन्त्रताको हक : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन । (२) प्रत्येक नागरिकलाई देहायका स्वतन्त्रता हुनेछ :- (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) संघ र संस्था खोल्ने स्वतन्त्रता, (ङ)नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता । तर, (१) खण्ड (क) को कुनै कुराले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा वा संघीय इकाइ वा विभिन्न जात, जाति, धर्म, सम्प्रदायबीचको सु–सम्बन्धमा खलल पर्ने, जातीय भेदभाव वा छुवाछूतलाई दुरूत्साहन गर्ने, श्रमप्रति अवहेलना गर्ने, गाली बेइज्जती, अदालतका अवहेलना हुने, अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताका प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी ऐन बनाउन रोक लगाएका मानिन छैन । (२) खण्ड (ख) का कुनै कुराले नेपालका सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाइबीचका सु–सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (३) खण्ड (ग) को कुनै कुराले नेपालका सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रका विरूद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालका सुरक्षामा आँच पुऱ्याउने गरी कुन विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने वा राज्यद्रोह गर्न वा संघीय इकाइबीचका सु–सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउने वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचका सु–सम्बन्धमा खलल पर्ने वा केवल जाति, भाषा, धर्म, सम्पदाय वा लिंगका आधारमा कुनै राजनीतिक दलका सदस्यता प्राप्त गर्ने वा बन्देज लगाउने वा नागरिकहरूबीच विभेद गर्ने गरी राजनीतिक दल गठन गर्ने, हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताका प्रतिकूल हुने कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (४) खण्ड (घ) का कुन कुराले नेपालका सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनतामा खलल पर्ने, राष्ट्रका विरूद्ध जासूसी गर्ने, राष्ट्रिय गोपनीयता भंग गर्ने वा नेपालका सुरक्षामा आँच पुऱ्याउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने, राज्यद्रोह गर्ने वा संघीय इकाइबीचका सु–सम्बन्धमा खलल पर्ने वा जातीय वा साम्प्रदायिक विद्वेष फैलाउन वा विभिन्न जात, जाति, धर्म र सम्प्रदायबीचका सु–सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक नैतिकताका प्रतिकूल हुन कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताका हित वा संघीय इकाइबीचका सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदायहरूका बीचका सु–सम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्ने वा त्यस्ता कार्य गर्न दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (६) खण्ड (च) को कुनै कुराले संघीय इकाइबीचका सु–सम्बन्धमा खलल पुऱ्याउने कार्य वा सर्वसाधारण जनताका सार्वजनिक स्वास्थ्य, शिष्टाचार वा नैतिकताका प्रतिकूल हुने कार्यमा रोक लगाउन वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्न पाउने वा कुनै पेशा, रोजगार, उद्योग, व्यापार वा व्यवसाय गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन

१८. समानताको हक : (१) सबै नागरिक कानूनका दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन । (२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । (३) राज्यले नागरिकहरूको बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकका संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन । स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि “आर्थिक रूपले विपन्न” भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ । (४) समान कामको लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । (५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

१९. सञ्चारको हक : (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठय, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालका सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचका सु–सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचका सु–सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतका अवहलना हुने वा अपराध गर्न दुरूत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताका प्रतिकूल काय गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरूत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउन गरी ऐन बनाउन रोक लगाएको मानिने छैन । (२)कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणका माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्ता सामगी प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्यतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमका डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमका नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध गरिने छैन ।

२०. न्याय सम्बन्धी हक : (१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन । (२) पक्राउमा परेको व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ । त्यस्तो व्यक्तिले आफ्ना कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ । तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन । स्पष्टीकरण : यस उपधाराको प्रयोजनका लागि “कानून व्यवसायी” भन्नाले कुनै अडडा अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएका व्यक्ति सम्झनु पर्छ । (३) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउने पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशका नागरिकको हकमा यो उपधारा लागू हुने छैन । (४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन । (५) कुनै अभियोग लागेका व्यक्तिलाई निजले गरेको कसूर

## भदौ २०७४ — नेपाल सम्वत् ११३७ — Aug/Sep 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | | | | दशमी १ 17 | एकादशी २ 18 | द्वादशी/त्रयोदशी ३ 19 |
| चतुर्दशी ४ 20 | औँसी ५ 21 कुशे औँसी, बुबाको मुख हेर्ने | प्रतिपदा ६ 22 | द्वितीया ७ 23 दर खाने | तृतीया ८ 24 महिलाहरूलाई बिदा, हरितालिका तीज | चतुर्थी ९ 25 | पञ्चमी १० 26 महिलाहरूलाई बिदा, ऋषिपञ्चमी |
| षष्ठी ११ 27 | सप्तमी १२ 28 | अष्टमी १३ 29 | नवमी १४ 30 | दशमी १५ 31 | दशमी १६ 1 | एकादशी १७ 2 |
| द्वादशी १८ 3 | त्रयोदशी १९ 4 | चतुर्दशी २० 5 काठमाडौँ उपत्यका बिदा, इन्द्रजात्रा | पूर्णिमा २१ 6 | प्रतिपदा २२ 7 निजामती सेवा दिवस, निजामती कर्मचारीहरूको बिदा | द्वितीया २३ 8 विश्व शिक्षा दिवस | तृतीया २४ 9 |
| चतुर्थी २५ 10 | पञ्चमी/षष्ठी २६ 11 | सप्तमी २७ 12 | अष्टमी २८ 13 जितिया पर्व | नवमी २९ 14 बाल दिवस | दशमी ३० 15 | एकादशी ३१ 16 |

१३ गते गौरा पर्व

## असोज २०७४ — नेपाल सम्वत् ११३७ — Sep/Oct 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| द्वादशी १ 17 विश्वकर्मा पूजा | त्रयोदशी २ 18 | चतुर्दशी ३ 19 | औँसी ४ 20 | प्रतिपदा ५ 21 | द्वितीया ६ 22 | तृतीया ७ 23 |
| चतुर्थी ८ 24 | पञ्चमी ९ 25 | षष्ठी १० 26 | सप्तमी ११ 27 | अष्टमी १२ 28 | नवमी १३ 29 | दशमी १४ 30 |
| एकादशी १५ 1 | द्वादशी १६ 2 | त्रयोदशी १७ 3 | चतुर्दशी १८ 4 | पूर्णिमा १९ 5 | प्रतिपदा २० 6 | द्वितीया २१ 7 |
| तृतीया २२ 8 | चतुर्थी २३ 9 | पञ्चमी २४ 10 | षष्ठी २५ 11 | सप्तमी २६ 12 | अष्टमी/नवमी २७ 13 | दशमी २८ 14 |
| एकादशी २९ 15 | द्वादशी ३० 16 | त्रयोदशी ३१ 17 काग तिहार | | | | |

३ गते संविधान दिवस | ५ गते घटस्थापना | ११ गते फूलपाती | १२ गते महाष्टमी | १३ गते महानवमी
१४ गते विजया दशमी/टीका | १५ गते एकादशी | १६ गते द्वादशी | १९ गते कोजाग्रत पूर्णिमा

इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

प्रमाणित नभएसम्म कसूरदार मानिने छैन । (६) कुनै पनि व्यक्ति विरूद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन । (७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य पारिने छैन । (८) प्रत्येक व्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ । (९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ । (१०) असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ ।

२१. अपराध पीडितको हक : (१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।(२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुर्नःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

२२. यातना विरूद्धको हक : (१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । (२) उपधारा (१) बमोजिमका कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

२३. निवारक नजरबन्द विरूद्धको हक : (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।
(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ । तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन । (३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानून विपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूति पाउने हक हुनेछ ।

२४. छुवाछूत तथा भेदभाव विरूद्धको हक : (१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाका आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारका छुवाछूत वा भेदभाव गरिने छैन । (२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिका व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन । (३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाका आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतका आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारका प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन । (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन । (५) यस धाराका प्रतिकूल हुन गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूति पाउने हक हुनेछ ।

२५. सम्पत्तिको हक : (१) प्रत्येक नागरिकलाई कानूनका अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिका अन्य कारोबार गर्ने हक हुनेछ । तर राज्यले व्यक्तिका सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यता अनुरूप व्यक्तिका आयमा करलगाउन सक्नेछ ।
स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "सम्पत्ति" भन्नाले चल अचल लगायत सबै प्रकारका सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई जनाउँछ । (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन । तर कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू हुने छैन । (३) उपधारा (२) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिका सम्पत्ति अधिग्रहण गर्दा क्षतिपूर्तिका आधार र कार्यप्रणाली ऐन बमोजिम हुनेछ । (४) उपधारा (२) र (३) का व्यवस्थाले भूमिका उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा शहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानून बमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न बाधा पर्ने छैन । (५) उपधारा (३) बमोजिम राज्यले सार्वजनिक हितका लागि कुनै व्यक्तिका सम्पत्ति अधिग्रहण गरेकोमा त्यस्तो सार्वजनिक हितका सट्टा अर्को कुनै सार्वजनिक हितका लागि त्यस्तो सम्पत्ति प्रयोग गर्न बाधा पर्ने छैन ।

२६. धार्मिक स्वतन्त्रताको हक : (१) धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्ना आस्था अनुसार धर्मका अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । (२) प्रत्येक धार्मिक सम्पदायलाई धार्मिक स्थल तथा धार्मिक गुठी सञ्चालन र संरक्षण गर्ने हक हुनेछ । तर धार्मिक स्थल तथा धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न तथा गुठी सम्पत्ति तथा जग्गाको व्यवस्थापनका लागि कानून बनाई नियमित गर्न बाधा पुगेको मानिने छैन । (३) यस धाराद्वारा प्रदत्त हकको प्रयोग गर्दा कसैले पनि सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताका प्रतिकूल हुने वा सार्वजनिक शान्ति भंग गर्ने क्रियाकलाप गर्न, गराउन वा कसैका धर्म परिवर्तन गराउने वा अर्काको धर्ममा खलल पर्ने काम वा व्यवहार गर्न वा गराउन हुँदैन र त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

२७. सूचनाको हक : प्रत्येक नागरिकलाई आफ्ना वा सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना माग्ने र पाउने हक हुनेछ । तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाका जानकारी दिन कसैलाई बाध्य पारिने छैन ।

२८. गोपनीयताको हक :कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयका गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ ।

२९. शोषण विरूद्धको हक : (१) प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ ।
(२) धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।(३) कसैलाई पनि बेचबिखन गर्न, दास वा बाधा बनाउन पाइने छैन ।
(४) कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइने छैन । तर सार्वजनिक प्रयोजनका लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।
(५) उपधारा (३) र (४) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

३०. स्वच्छ वातावरणको हक : (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।
(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (३) राष्ट्रका विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

३१. शिक्षा सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचका हक हुनेछ । (२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मका शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मका शिक्षा निःशुल्क पाउने हक हुनेछ ।(३) अपांगता भएको र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ । (४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएको नागरिकलाई सांकेतिक भाषाका माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ । (५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्ना मातृभाषामा शिक्षा पाउने र त्यसको लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

३२. भाषा तथा संस्कृतिको हक : (१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।
(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्ना समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।
(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सवर्धन र संरक्षण गर्ने हक हुनेछ ।

३३. रोजगारीको हक : (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानून बमोजिम हुनेछ । (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ ।

## कात्तिक २०७४ — नेपाल सम्वत् ११३७/११३८ — Oct/Nov 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | | | चतुर्दशी<br>कुकुर तिहार<br>१<br>18 | औंसी<br>२<br>19 | प्रतिपदा<br>३<br>20 | द्वितीया<br>४<br>21 |
| तृतीया<br>५<br>22 | चतुर्थी<br>६<br>23 | पञ्चमी<br>७<br>24 | पञ्चमी<br>८<br>25 | षष्ठी<br>९<br>26 | सप्तमी<br>१०<br>27 | अष्टमी<br>११<br>28 |
| नवमी<br>१२<br>29 | दशमी<br>१३<br>30 | एकादशी<br>हरिबोधिनी एकादशी<br>१४<br>31 | द्वादशी<br>तुलसी विवाह<br>१५<br>1 | त्रयोदशी<br>१६<br>2 | चतुर्दशी<br>१७<br>3 | पूर्णिमा<br>गुरुनानक जयन्ती<br>१८<br>4 |
| प्रतिपदा<br>१९<br>5 | द्वितीया/तृतीया<br>२०<br>6 | चतुर्थी<br>२१<br>7 | पञ्चमी<br>२२<br>8 | षष्ठी<br>२३<br>9 | सप्तमी<br>२४<br>10 | अष्टमी<br>फाल्गुनन्द जयन्ती<br>२५<br>11 |
| नवमी<br>२६<br>12 | दशमी<br>२७<br>13 | एकादशी<br>उत्पत्तिका एकादशी<br>२८<br>14 | द्वादशी<br>२९<br>15 | त्रयोदशी<br>३०<br>16 | | |

२ गते लक्ष्मी पूजा/दीपावली    ३ गते गोबर्धन पूजा    ४ गते भाई टीका    ९ गते छठ पूजा

## मंसिर २०७४ — नेपाल सम्वत् ११३८ — Nov/Dec 2017

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | विवाह मुहूर्तः ६, ७, १२, १७, १८, २५ गते । | | | | चतुर्दशी<br>बाला चतुर्दशी<br>१<br>17 | औंसी<br>२<br>18 |
| प्रतिपदा<br>३<br>19 | द्वितीया<br>अन्तर्राष्ट्रिय बालअधिकार दिवस<br>४<br>20 | तृतीया<br>५<br>21 | चतर्थी<br>६<br>22 | पञ्चमी<br>विवाह पञ्चमी<br>७<br>23 | षष्ठी<br>८<br>24 | सप्तमी<br>९<br>25 |
| अष्टमी<br>१०<br>26 | नवमी<br>११<br>27 | दशमी<br>१२<br>28 | एकादशी<br>१३<br>29 | द्वादशी<br>१४<br>30 | त्रयोदशी<br>१५<br>1 | चतुर्दशी<br>१६<br>2 |
| पूर्णिमा<br>अन्तर्राष्ट्रिय अपाङ्ग दिवस<br>१७<br>3 | प्रतिपदा<br>१८<br>4 | द्वितीया<br>१९<br>5 | तृतीया<br>२०<br>6 | चतुर्थी<br>२१<br>7 | पञ्चमी<br>२२<br>8 | षष्ठी<br>२३<br>9 |
| सप्तमी/अष्टमी<br>अन्तर्राष्ट्रिय मानवअधिकार दिवस<br>२४<br>10 | नवमी<br>२५<br>11 | दशमी<br>२६<br>12 | एकादशी<br>२७<br>13 | द्वादशी<br>२८<br>14 | त्रयोदशी<br>२९<br>15 | |

१७ गते उधौली पर्व/यमरी पुन्हि

इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल

# HUMAN RIGHTS FORUM (HURF) NEPAL

३४. श्रमको हक : (१) प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ । स्पष्टीकरण : यस धाराको प्रयाजनका लागि "श्रमिक" भन्नाले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदूर सम्झनु पर्छ । (२) प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ । (३) प्रत्येक श्रमिकलाई कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ ।

३५. स्वास्थ्य सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । (२) प्रत्येक व्यक्तिलाई आफ्ना स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ । (४) प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

३६. खाद्य सम्बन्धी हक : (१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताका हक हुनेछ ।

३७. आवासको हक : (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । (२) कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

३८. महिलाको हक : (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ । (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ । (३) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनावैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूति पाउने हक हुनेछ । (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ । (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

३९. बालबालिकाको हक : (१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ । (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमका यातना दिन पाइने छैन । (८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ । (९) असहाय, अनाथ, अपांगता भएको, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूति पाउने हक हुनेछ ।

४०. दलितको हक : (१) राज्यको सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीको अन्य क्षेत्रमा दलित समुदायका सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ । (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाका व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ । (४) दलित समुदायलाई आफ्ना परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ । (५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ । (६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ । (७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरूष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ ।

४१. ज्येष्ठ नागरिकको हक : ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

४२. सामाजिक न्यायको हक : (१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ । (२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकका संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ । (३) अपांगता भएका नागरिकलाई विविधताका पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचका हक हुनेछ । (४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिका छनौट र संरक्षणका हक हुनेछ । (५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन आन्दोलन, सशस्त्र संर्घष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ ।

४३. सामाजिक सुरक्षाको हक : आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफना हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

४४. उपभोक्ताको हक : (१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुनेछ । (२) गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

४५. देश निकाला विरूद्धको हक : कुनै पनि नागरिकलाई देश निकाला गरिने छैन ।

४६. संवैधानिक उपचारको हक : यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिए बमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ ।

४७. मौलिक हकको कार्यान्वयन : यस भागद्वारा प्रदत्त हकहरूको कायान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानूनी व्यवस्था गर्नेछ ।

४८. नागरिकको कर्तव्य : प्रत्येक नागरिकको कर्तव्य देहाय बमोजिम हुनेछन् :- (क) राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु, (ख) संविधान र कानूनको पालना गर्नु, (ग) राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु, (घ) सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

## पुस २०७४ — नेपाल सम्वत् ११३८ — Dec/Jan 2017/2018

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| त्रयोदशी<br>३०<br>14 | | | | | | त्रयोदशी<br>१<br>16 |
| चतुर्दशी<br>२<br>17 | औंसी<br>३<br>18 | प्रतिपदा<br>४<br>19 | द्वितीया<br>५<br>20 | तृतीया<br>६<br>21 | चतुर्थी<br>७<br>22 | पञ्चमी<br>८<br>23 |
| षष्ठी<br>९<br>24 | सप्तमी<br>क्रिष्टमस डे<br>१०<br>25 | अष्टमी<br>११<br>26 | नवमी<br>१२<br>27 | दशमी<br>१३<br>28 | एकादशी<br>१४<br>29 | द्वादशी<br>१५<br>30 |
| त्रयोदशी<br>१६<br>31 | चतुर्दशी<br>New Year<br>१७<br>1 | पूर्णिमा/प्रतिपदा<br>श्री स्वस्थानी व्रतारम्भ<br>१८<br>2 | द्वितीया<br>१९<br>3 | तृतीया<br>२०<br>4 | चतुर्थी<br>२१<br>5 | पञ्चमी<br>२२<br>6 |
| षष्ठी<br>२३<br>7 | सप्तमी<br>२४<br>8 | अष्टमी<br>२५<br>9 | नवमी<br>२६<br>10 | दशमी<br>एकता दिवस<br>२७<br>11 | एकादशी<br>२८<br>12 | द्वादशी<br>२९<br>13 |

१५ गते तमु ल्होसार

## माघ २०७४ — नेपाल सम्वत् ११३८ — Jan/Feb 2018

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | चतुर्दशी<br>माघे सङ्क्रान्ति<br>१<br>15 | औंसी<br>२<br>16 | औंसी<br>३<br>17 | प्रतिपदा<br>४<br>18 | द्वितीया<br>५<br>19 | तृतीया<br>६<br>20 |
| चतुर्थी<br>७<br>21 | पञ्चमी<br>सरस्वती पूजा<br>८<br>22 | षष्ठी<br>९<br>23 | सप्तमी<br>१०<br>24 | अष्टमी<br>११<br>25 | नवमी<br>१२<br>26 | दशमी/एकादशी<br>१३<br>27 |
| द्वादशी<br>१४<br>28 | त्रयोदशी<br>१५<br>29 | चतुर्दशी<br>१६<br>30 | पूर्णिमा<br>स्वस्थानी व्रत समाप्त<br>चन्द्र ग्रहण<br>१७<br>31 | प्रतिपदा<br>१८<br>Feb 1 | द्वितीया<br>१९<br>2 | तृतीया<br>२०<br>3 |
| चतुर्थी<br>२१<br>4 | पञ्चमी<br>२२<br>5 | षष्ठी<br>२३<br>6 | सप्तमी<br>२४<br>7 | अष्टमी<br>२५<br>8 | नवमी<br>२६<br>9 | दशमी<br>२७<br>10 |
| एकादशी<br>२८<br>11 | द्वादशी<br>२९<br>12 | | | | विवाह मुहूर्त: २४ गते। | |

१ गते माघि पर्व    ४ गते सोनाम ल्होसार    १६ गते सहिद दिवस


इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोन: ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९

Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

## नेपालको संविधानले व्यवस्था गरेको तहहरुको मुख्य अधिकारको सूची

### संघको अधिकार सूचीमा उल्लेखित मुख्य अधिकारहरू

- राष्ट्रिय एकता र भौगोलिक अखण्डता, सेना, युद्ध तथा प्रतिरक्षा, हातहतियार खरखजाना कारखाना तथा उत्पादन एवं केन्द्रीय प्रहरी, सशस्त्र प्रहरी र गुप्तचर सम्वन्धी ।
- केन्द्रीय योजना, केन्द्रीय बैंक, बैकिंग तथा वित्तिय नीति, मुद्रा तथा मौद्रिक नीति, विदेशी अनुदान, सहयोग र ऋण, बीमा नीति, धितोपत्र र सहकारी नियमन सम्वन्धी ।
- अन्तर्राष्ट्रिय सम्वन्ध, परराष्ट्र तथा कुटनीति मामिला, अन्तर्राष्ट्रिय सन्धि सम्झौता, सुपुर्दगी, पारस्परिक कानूनी सहायता, अन्तर्राष्ट्रिय सीमा तथा सीमा नदी सम्वन्धी ।
- दुरसञ्चार, रेडियो फ्रिक्वेन्सी वितरण, रेडियो टि भी सम्वन्धी ।
- भन्सार, अन्तःशुल्क, आयकर संस्थागत कर, मु.अ.क., भीसा र राहदानी शुल्क, पर्यटन शुल्क सम्वन्धी ।
- संघीय निजामति, न्याय सेवा तथा संघीय सरकारी सेवा सम्वन्धी ।
- जलश्रोत तथा त्यसको उपयोग नीति, अन्तरदेशीय तथा अन्तरप्रदेश विद्युत प्रशारण लाईन, केन्द्रीय विद्युत तथा सिंचाई ।
- केन्द्रीय तथ्यांक, केन्द्रीय विश्वविद्यालय, केन्द्रीय प्रतिष्ठानहरू एवं त्यससम्वन्धी मापदण्डहरू तथा पुरातात्विक महत्वका विषयहरू ।
- स्वास्थ्य नीति र मापदण्ड, नापतौल, खानी उत्खनन्, भूउपयोग मापदण्ड, वातावरण संरक्षण, राष्ट्रिय निकुञ्ज, सीमसार तथा बन राष्ट्रिय नीति सम्वन्धी ।
- संघीय संसद, संघीय कार्यपालिका तथा स्थानीय तह एवं विशेष संरचनाहरू सम्वन्धी ।
- अन्तर्राष्ट्रिय व्यापार तथा पारवाहन, हवाई उड्ययन तथा अन्तर्राष्ट्रिय विमानास्थल, तथा राष्ट्रिय यातायात सम्वन्धी ।
- नागरिकता, राहदानी, वौद्धिक सम्पति, सुरक्षित छापखाना, सामाजिक सुरक्षा तथा गरिवी निवारण सम्वन्धी ।
- अदालत, न्याय प्रशासन, फौजदारी तथा देवानी कानून, संवैधानिक निकाय एवं राष्ट्रिय महत्वका आयोगहरू ।
- अधिकारहरूको सूचीमा समावेश नभएका साथै संविधान र कानूनमा नतोकिएका विषयहरू

### प्रदेशको अधिकार सूचीमा उल्लेखित मुख्य अधिकारहरू

- प्रदेश प्रहरी र शान्ति सुरक्षा, प्रदेश अनुसन्धान व्यूरो ।
- केन्द्रीय बैंकको नीति वमोजिम बैंक तथा वित्तिय संस्थाहरू सञ्चालन तथा केन्द्रको सहमतिमा बैदेशिक ऋण अनुदान ।
- रेडियो एफ.एम सचालन ।
- घरजग्गा रजिष्ट्रेशन, सवारी साधन,मनोरञ्जन, विज्ञापन, पर्यटन, कषिजन्य आयमा लाग्ने कर, सेवा शुल्क, दस्तुर तथा दण्ड जरीवना ।
- प्रादेशिक तथ्यांक, प्रादेशिक विद्युत, सिंचाई, खानेपानी, विश्वविद्यालय, स्वास्थ्य, व्यापार, लोकमार्ग ।
- प्रदेश सभा र प्रदेश मन्त्रिपरिषद्, प्रदेश लोकसेवा आयोग, प्रदेश सरकारी कार्यालयको व्यवस्थापन ।
- भूमि व्यवस्थापन तथा अभिलेख, गुठी व्यवस्थापन, खानी अन्वेषण तथा व्यवस्थापन, भाषा, लिपी तथा संस्कृति, प्रदेश भित्रको वनजंगल, जल, भूमि उपयोग, कृषि तथा पशु विकास, औद्योगिकरण तथा यातायात व्यवस्था ।

### संघ र प्रदेशको साझा अधिकारको सूचीमा उल्लेखित मुख्य मुख्य अधिकारहरू

- फौजदारी एवं देवानी कार्यविधि र प्रमाण ।
- आवश्यक वस्तुको आपूर्ति, वितरण र व्यवस्थापन, औषधी तथा विषादी सम्वन्धी विषय ।
- देशको सुरक्षासंग सम्वन्धित निवारक नजरवन्द, हिरासत एवं कारागार व्यवस्थापन, अन्तरप्रदेशीय वन्दी एवं थुनुवा हस्तान्तरण ।
- विवाह, सम्पति हस्तान्तरण, सम्वन्ध विच्छेद, धर्मपुत्र धर्मपुत्री, सयुंक्त परिवार, टुहुरा लगायत पारिवारिक मामिला, परिवार नियोजन तथा जनसंख्या व्यवस्थापन ।
- सम्पति प्राप्ती र अधिग्रहण, करार, वीमा व्यवसाय, सहकारी, साझेदारी र एजेन्सी सम्वन्धी, पेशागत व्यवसाय, टाट पल्टेको तथा दामासाही सम्वन्धी व्यवस्था ।
- सामाजिक सुरक्षा, रोजगारी, ट्रेड युनियन लगायत श्रम सम्वन्धी विषय ।
- प्रदेश सीमा, वातावरण संरक्षण, जैविक विविधता, सञ्चार, उद्योग, भौतिक पुर्वाधार तथा खनिज उत्खनन् तथा व्यवस्थान ।
- क्यासिनो, चिठ्ठा, चलचित्र, खेलकूद, भूमीनीति, गरिवी निवारण, रोजगार तथा वेरोजगार सहायता ।
- प्राकृतिक विपद् व्यवस्थापन, पर्यटन, खानेपानी, बैज्ञानिक अनुसन्धान ।

### स्थानीय तहको अधिकार

- सम्पति प्राप्ती र अधिग्रहण, करार, वीमा व्यवसाय, सहकारी, साझेदारी र एजेन्सी सम्वन्धी, पेशागत व्यवसाय, टाट पल्टेको तथा दामासाही सम्वन्धी व्यवस्था ।
- सामाजिक सुरक्षा, रोजगारी, ट्रेड युनियन लगायत श्रम सम्वन्धी विषय ।
- प्रदेश सीमा, वातावरण संरक्षण, जैविक विविधता, सञ्चार, उद्योग, भौतिक पुर्वाधार तथा खनिज उत्खनन् तथा व्यवस्थान ।
- क्यासिनो, चिठ्ठा, चलचित्र, खेलकूद, भूमीनीति, गरिवी निवारण, रोजगार तथा वेरोजगार सहायता ।

## फागुन २०७४

नेपाल सम्वत् ११३८ — Feb/Mar 2018

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | | त्रयोदशी १ 13 | चतुर्दशी २ 14 | औंसी ३ 15 | प्रतिपदा ४ 16 | द्वितीया ५ 17 |
| तृतीया ६ 18 | चतुर्थी ७ 19 | पञ्चमी ८ 20 | षष्ठी ९ 21 | सप्तमी १० 22 | अष्टमी ११ 23 | नवमी १२ 24 |
| दशमी १३ 25 | एकादशी १४ 26 | द्वादशी १५ 27 | त्रयोदशी १६ 28 | चतुर्दशी/पूर्णिमा १७ 1 | प्रतिपदा १८ 2 (तराई होली) | द्वितीया १९ 3 |
| तृतीया २० 4 | चतुर्थी २१ 5 | पञ्चमी २२ 6 | षष्ठी २३ 7 | सप्तमी २४ 8 (अन्तर्राष्ट्रिय महिला दिवस) | अष्टमी २५ 9 | अष्टमी २६ 10 |
| नवमी २७ 11 | दशमी २८ 12 | एकादशी २९ 13 | द्वादशी ३० 14 | | विवाह मुहूर्तः ६, ११, १२, १९, २०, २२, २८, २९ गते । | व्रतबन्ध मुहूर्तः ६, १३, २० गते । |

२ गते महाशिवरात्री    ४ गते ग्याल्पो ल्होसार    ७ गते प्रजातन्त्र दिवस    १७ गते फागु पूर्णिमा
२४ गते अन्तर्राष्ट्रिय नारी दिवस

## चैत्र २०७४

नेपाल सम्वत् ११३८ — Mar/Apr 2018

| आइतबार Sunday | सोमबार Monday | मङ्गलबार Tuesday | बुधबार Wednesday | बिहीबार Thursday | शुक्रबार Friday | शनिबार Saturday |
|---|---|---|---|---|---|---|
| | | ब्रतवन्ध मुहूर्तः ५, १९ गते । | | त्रयोदशी १ 15 | चतुर्दशी २ 16 | औंसी ३ 17 (काठमाडौं उपत्यका बिदा, घोडे जात्रा) |
| प्रतिपदा ४ 18 | द्वितीया ५ 19 | तृतीया ६ 20 | चतुर्थी ७ 21 (अन्तर्राष्ट्रिय भेदभाव विरुद्धको दिवस) | पञ्चमी ८ 22 | षष्ठी ९ 23 | सप्तमी १० 24 |
| अष्टमी/नवमी ११ 25 | दशमी १२ 26 | एकादशी १३ 27 | द्वादशी १४ 28 | त्रयोदशी १५ 29 (महावीर जयन्ती, जैँन धर्मावलम्बीहरुको लागि) | चतुर्दशी १६ 30 | पूर्णिमा १७ 31 |
| प्रतिपदा १८ 1 | द्वितीया १९ 2 | तृतीया २० 3 (सहकारी दिवस) | चतुर्थी २१ 4 | पञ्चमी २२ 5 | षष्ठी २३ 6 | सप्तमी २४ 7 |
| अष्टमी २५ 8 | नवमी २६ 9 | दशमी २७ 10 | एकादशी २८ 11 | एकादशी २९ 12 | द्वादशी ३० 13 | |

११ गते राम नवमी/चैते दशैं


इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल
# HUMAN RIGHTS FORUM (HURF) NEPAL

- प्राकृतिक विपद् व्यवस्थापन, पर्यटन, खानेपानी, बैज्ञानिक अनुसन्धान ।
- घर तथा जग्गाधनी पूर्जा वितरण,
- कृषि, पशु विकास एवं कृषि उत्पादन वृद्धि तथा व्यवस्थापन एवं विपद व्यवस्थापन ।
- जेष्ठ नागरिक, अपांगता भएका तथा अशक्तहरूको व्यवस्थापन ।
- वेरोजगारीको तथ्यांक संकलन, कृषि प्रसारको व्यवस्थापन, खानेपानी तथा साना जलविद्युत आयोजना एवं बैकल्पिक उर्जा, जलाधार, वन्यजन्तु तथा खानी एवं खनिज पदार्थको संरक्षण ।
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ।

**संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा उल्लेखित मुख्य अधिकारहरू**

- शिक्षा, खेलकूद, पत्रपत्रिका, स्वास्थ्य, कृषि, सहकारी, विद्युत, खानेपानी, सिंचाई सेवा ।
- सेवा शुल्क, दस्तुर, दण्डजरीवना, तथा प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी आम्दानी ।
- वनजंगल, वन्यजन्तु, वातावरण, जैविक विविधता, खानी तथा खनिज ।
- विपद् व्यवस्थापन, सामाजिक सुरक्षा र गरिवी निवारण, व्यक्तिगत घटना सम्वन्धी तथ्यांक, पुरातत्व, प्राचीन स्मारक तथा संग्राहलय, सुकुम्वासी व्यवस्थापन तथा सवारी साधन अनुमति ।

## तहगत संरचना

| तह | अंङ्ग | निर्वाचित संख्या | प्रकृया | कैफियत |
|---|---|---|---|---|
| संघीय | राष्ट्रप्रमुख राष्ट्रपति हुने | | | |
| संघीय व्यवस्थापिका | प्रतिनिधि सभा | २७५ | • १६५जना प्रत्यक्ष निर्वाचित<br>• ११०जना समानुपातिक | |
| | राष्ट्रिय सभा | ५९ जना | • ७ प्रदेश बाट ८ जनाका दरले ५६ (प्रदेश सभाका सदश्यहरु, गाउँ तथा नगर सभाका अध्यक्ष, उपाध्यक्षहरु बाट निर्वाचित)<br>• मंत्री परिषदको सिफारिसमा राष्ट्रपति बाट ३ मनोनित | ८ मध्ये<br>महिला- ३,<br>दलित - १ अल्पसंख्यक वा अपाङ्गता भएका - १ ह'न'पर्ने |
| संघीय कार्यपालिका | (मंत्रीपरिषद) | २५ मन्त्री | प्रतिनिधि सभा बाट | |
| संघीय न्यायपालिका | सर्वोच्च अदालत | म'ल'कको सर्वोच्च न्यायालयको रुपमा १ सर्वोच्च अदालत रहने | | |
| प्रदेश | प्रत्येक प्रदेशमा १ प्रदेश प्रम'ख रहने | | | |
| प्रदेश व्यवस्थापिका | प्रदेश सभा | ५५० सदश्य (७ प्रदेशबाट) | • प्रत्यक्ष बाट ६० प्रतिशत<br>• समानुपातिक बाट ४० प्रतिशत | प्रदेश अन'सार संख्या फरक ह'न सक्छ । |
| प्रदेश कार्यपालिका | मन्त्री परिषद् | प्रदेश सभाको २० प्रतिशत नवढाई | प्रदेश सभा | प्रदेश अन'सार संख्या फरक ह'न सक्छ । (७ प्रदेशमा बढीमा जम्मा ११० जना) |
| प्रदेश न्यायपालिका | उच्च अदालत | प्रत्येक प्रदेशमा १ वटा रहने | | |
| स्थानीय तह | गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समिति रहने | | | |
| स्थानीय गाउँ /नगर व्यवस्थापिका | गाउँ सभा/ नगर सभा | अध्यक्ष/मेयर -१<br>उपाध्यक्ष/उपमेयर -१<br>वडा अध्यक्षहरु<br>वडा सदश्यहरु<br>गाउँ/नगर सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक सदश्यहरु | अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र सदश्यहरु प्रत्यक्ष निर्वाचित<br>दलित वा अल्पसंख्यक गाउँ/नगर सभाले निर्वाचित | अध्यक्ष र उपाध्यक्ष/मेयर र उपमेयर मध्ये १ महिला उम्मेद्वार ह'न'पर्ने ।<br>वडा सदश्य मध्ये<br>१ दलित महिला रहनेगरी कम्तिमा २ महिला । |
| स्थानीय कार्यपालिका | गाउँ/नगर कार्यपालिका | अध्यक्ष/मेयर -१<br>उपाध्यक्ष/उपमेयर -१<br>वडा अध्यक्षहरु<br>गाउँ/नगर सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक सदश्यहरु | | |
| न्यायपालिका | जिल्ला अदालत | प्रत्येक जिल्लामा १ -१ जिल्ला अदालत रहने । | | |
| | स्थानीय न्यायिक समिति | • गाउँ तथा नगर पालिकामा १-१ वटा न्यायिक समिति रहने (उपाध्यक्ष/उपमेयरको अध्यक्षतामा ३ सदस्यिय हुने)<br>• मेलमिलाप केन्द्र र अन्य विवाद समाधानका बैकल्पिक उपायहरु अवलम्बन गरिने । | | |

## स्थानीय गाउँ तथा नगर सभा र कार्यपालिका गठन सम्बन्धि संवैधानिक व्यवस्था

### गाउँ तथा नगर कार्यपालिका गठन

- अध्यक्ष
- उपाध्यक्ष
- वडा अध्यक्षहरु
- गाउँ सभा तथा नगर सभाले आफु मध्ये बाट निर्वाचित<br>गाँउपालिकाको हकमा ४ महिला<br>नगरपालिकाको हकमा ५ महिला
- तोकिएको योग्यताा पुगेका दलित वा अल्पसंख्यक मध्ये बाट गाउँपालिकाको हकमा गाउँ सभाले निर्वाचित २ जना<br>नगरपालिकाको हकमा नगर सभाले निर्वाचित ३ जना

### गाउँ तथा नगर सभा गठन

- अध्यक्ष
- उपाध्यक्ष
- वडा अध्यक्षहरु
  - वडा सदश्य
  - वडा सदश्य
  - वडा सदश्य महिला
  - वडा सदश्य महिला
- तोकिएको योग्यताा पुगेका दलित वा अल्पसंख्यक मध्ये बाट गाउँसभाको हकमा गाउँ सभाले निर्वाचित २ जना<br>नगर सभाको हकमा नगर सभाले निर्वाचित ३ जना

**कानूनी व्यवस्था :** स्थानीय तहमा गाउँ सभा तथा नगर सभा गठन गर्दा

• अध्यक्ष र उपाध्यक्ष मध्ये १ महिला उम्मेद्वार हुनु पर्ने • वडाका २ महिला सदश्यहरु मध्ये १ दलित महिला अनिवार्य उम्मेद्वार हुनु पर्ने

**इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९**
Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np

# मानव अधिकार मञ्च नेपाल

# HUMAN RIGHTS FORUM (HURF) NEPAL

## संविधानमा बालअधिकार

**बालबालिकाको हक : धारा ३९**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउनेहक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।




## संविधानमा महिला अधिकार

**धारा ३८ महिलाको हक :**

(१) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीयहक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धीहक हुनेछ ।

(३) महिला विरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वाअन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्यकुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकहुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

**घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा भएको महत्वपूर्ण प्रावधानः**

**घरेलु हिंसा भन्नाले केलाई बुझिन्छ ?**

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरूपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्यमाथि गरिने शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपुर्ण व्यवहारहरू घरेलु हिंसा हुन भनेर बुझ्नुपर्दछ ।

यस्तो हिंसा श्रीमान श्रीमती, सासू बुहारी, आमा बाबु ,दाजु भाइ, दिदी बहिनी, नन्द आमाजु काका भतिजा भतिजी जोसुकैको बीचमा हुनसक्दछ ।

घरेलु हिंसा गरीब, अशिक्षित परिवारमा मात्र हुने नभई यो जुनसुकै वर्ग, उमेर, शहर, गाउँ र जातजातीमा हुने गर्दछ ।

**महिला विरुद्ध हुने घरेलु हिंसा भन्नाले के बुझिन्छ ?**

महिला भएकै कारणले महिलामाथि गरिने सबै प्रकारका हिंसाहरू महिला विरूद्धका हिंसाहरू हुन् । वास्तवमा महिलामाथि हुने घरेलु हिंसा लैङ्गिक भेदभावको रूप हो हाम्रो समाजमा महिलामाथि भइरहेका घरेलु हिंसालाई व्यक्तिगत कुरा, घरायसी मामिला भनेर महत्व दिएको पाइँदैन तर यस्तो हिंसाले महिलाको व्यक्तिगत जीवनमा मात्र असर पार्ने नभई यसले महिलाको स्वास्थ्यका साथै समग्र राज्यको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक विकासमा समेत असर पार्दछ । घरेलु हिंसा महिला विरूद्धको सबैभन्दा पुरानो हिंसाको रूप हो भने घरेलु हिसाबाट महिला सबैभन्दा बढी पीडित हुन सक्ने स्थान घर हो ।

महिलामाथि गरिने हिसांत्मक कार्यहरूको स्वरूप विभिन्न प्रकारको हनु सक्दछ । जस्तैः घरमा श्रीमान्ले मदिरा सेवन गरी कुटपिट गर्नु, बहुविवाह गरेर विभिन्न प्रकारका यातनाहरू दिनु, दाइजोको कारण कुनै पनि प्रकारको हिंसात्मक दुर्व्यवहार गर्नु, छोरा नजन्माएकोमा अपमानित गर्नु बोक्सिको आरोप लगाएर विभिन्न प्रकारका यातनाहरू दिनु, छाउपडी प्रथा, श्रीमतीको सल्लाहको सम्मान नगर्नु, खान लाउन नदिनु, घरबाट निकाल्नु, दुर्वचन बोल्नु छोराछोरीमा भेदभाव गर्नु, चरित्रमाथि शंका गर्नु, वैवाहिक बलात्कार, यौन दुर्व्यवहार आदि ।

**यस ऐनले निम्न ४ प्रकारको हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ ।**

१) **शारीरिक हिंसा :**

अङ्गभंग ठहर्ने बाहेक कुटपिट गर्ने, शारीरिक चोटपटक पुर्‍याउने, थुनामा राख्न वा शारीरिक चोट पुग्नसक्छ भन्ने जानी-जानी त्यस्तै अन्य कुनै काम गर्ने गराउने कार्य महिलामाथि हुने शारीरिक हिंसा हो ।

२) **मानसिक हिंसा :**

महिलालाई डर, धाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौज गर्ने, झुट्ठा बात लगाउने, घरबाट निकाला गर्ने वा मानसिक चोट पुग्न सक्ने अन्य कुनै काम गर्ने गराउने कार्यका साथै अरू मानिसको अघि बेइज्जत गर्ने, अनावश्यक शंका गर्ने, सार्वजनिक कार्यमा सहभागी हुन नदिने जस्ता कार्यहरू महिलामाथि हुने मानसिक हिंसा हुन् ।

३) **यौनजन्य हिंसा :**

महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्म सम्मानमा चोट पुर्‍याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोही अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरू महिलामाथि हुने यौनजन्य हिंसा हुन् ।

४) **आर्थिक हिंसा :**

महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुँच

**घरेलु हिंसाबाट पीडितले यी ४ निकायहरूमा उजुरी दिनसक्नेछ :**

(१) प्रहरी कार्यालय

(२) स्थानीय निकाय (गा.वि.स./न.पा./वडा कार्यालय)

(३) राष्ट्रिय महिला आयोग

(४) अदालत पीडितले यी ४ निकायमध्ये कुनै एकमा उजुरी गर्न सक्नछे र कुनै निकायमा उजुरी गर्ने भन्ने निर्णय हिसांबाट पीडित व्यक्ति आफैले गर्न सक्नेछ ।

यस्तो उजुरी घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्रमा (स्थानीय निकाय, प्रहरी, राष्ट्रिय महिला आयोग वा अदालत मध्ये कुनै एक निकायमा) उजुरी दिनुपर्दछ ।

**घरेलु हिंसाका कारण महिलामा कस्तो प्रकारको असर पर्न सक्दछ ?**

घरेलु हिंसाले महिलाको जीवनको सबै पक्षलाई प्रभावित पार्दछ । जस्तो :महिलामा आत्म विश्वासको कमी, एक्लो वा असुरक्षित महसशुस, हिनताबोध, तनाव, चिडचिडापन, निन्द्रा नलाग्ने, खान मन नलाग्ने, निराशापन, यौनसम्बन्ध राख्न मन नलाग्ने, नराम्रो संगतमा फस्न सक्ने, आर्थिक कमजोरी, सामाजिक रूपमा अग्रसर नहुने, अवसरबाट बंचित,अपराधिक मानसिकताको विकास, स्वतन्त्रतामाथि बन्देज र आत्महत्या गर्ने जस्ता असरहरू देखिन सक्दछ ।


**इलाम नगरपालिका ३, गोलबस्ती, इलाम, फोनः ०२७५२०८००, फ्याक्स : ०२७५२०९१९**

Toll Free No.: 16602752111, Email: info@hurf.org.np, hurfilam@ntc.net.np, Website: www.hurf.org.np